**18th of oct**

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **प्रधानमन्त्रीले एनडीए शासित राज्यहरूमा लगानीको लागि सुशासन र पारदर्शिता प्रमुख आकर्षण भएको बताउनुभयो**
- **प्रधानमन्त्री दुई दिवसीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन रूस जानुहुने**
- **बिहार र आसाममा उपचुनावका लागि अधिसूचना जारी, नामांकन प्रक्रिया सुरु**
- **दिल्लीको एक अदालतले आम आदमी पार्टीका नेता श्री सत्येन्द्र जैनलाई  दुई वर्षपछि जमानत दियो**
- **सरकारले मेधावी विद्यार्थीहरूका लागि नेशनल मीन्स कम म्यारिट छात्रवृत्ति पोर्टलको म्याद 31 तारिखसम्म बढायो**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्रीले एनडीए शासित राज्यहरूमा लगानीको लागि सुशासन र पारदर्शिता प्रमुख आकर्षण भएको बताउनुभयो**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुशासन, द्रुत निर्णय र शासनमा पारदर्शिताले लगानीकर्ताहरूलाई आकर्षित गर्न र एनडीए शासित राज्यहरूमा लगानी गर्न मद्दत गरेको बताउनुभएको छ। प्रधानमन्त्रीले हिजो चण्डीगढमा एनडीए नेताहरूको बैठकलाई सम्बोधन गर्नुभयो। यस अवसरमा श्री मोदीले भन्नुभयो, एनडीए सरकारले आम नागरिकको बढ्दो आकांक्षा पूरा गरिरहेको छ। अन्तिमसम्म सेवा प्रदान गर्नु एनडीए सरकारको विशेषता रहेको पनि उहाँले बताउनुभयो। यसले 2014 देखि सरकारप्रति जनताको विश्वास जगाउन मद्दत गरेको छ भन्दै श्री मेदीले सुशासन भनेको अन्ततः जनताका समस्याहरूको समाधान खोज्नु हो भन्ने तथ्यलाई उजागर गर्नुभयो। समाधान केन्द्रित शासन नै सबै एनडीए शासित राज्य सरकारहरूको विशेषता रहेको कुरामा पनि उहाँले जोड दिनुभयो।

श्री मोदीले जन हितैषी, सक्रिय शुसासन (P2G2)-को अवधारणाबारे विस्तृत रूपमा छलफल पनि  गर्नुभयो। हरियाणामा भएको जितलाई महत्त्वपूर्ण र ऐतिहासिक भएको भन्दै श्री मोदीले एनडीएले समाजका सबै वर्गको विश्वास र समर्थन प्राप्त गरेको बताउनुभएको छ। यसै क्रममा भारतीय संविधान निर्माणको 75औँ वर्षगाँठलाई ‘संविधानको अमृत महोत्सव’का रूपमा मनाउने विषयमा अर्को प्रस्ताव पनि पारित भएको छ। बैठकमा 2025-लाई लोकतन्त्र हत्याको 50औँ वर्षका रुपमा मनाउने प्रस्ताव पनि पारित भएको छ। यसका साथै भगवान बिरसा मुण्डा र सरदार वल्लभभाई पटेलको 150 औँ जन्मजयन्ती र अर्को वर्ष अटल बिहारी वाजपेयीको जन्मशताब्दी मनाउने पनि निर्णय गरिएको छ।

**प्रधानमन्त्री श्री मोदी दुई दिवसीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन रूस जानुहुने**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी 16औँ ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका (ब्रिक्स) शिखर सम्मेलनमा सहभागी हुन यस महिनाको 22 तारिखदेखि दुई दिवसीय भ्रमणका लागि रूस जानुहुनेछ। कजानमा हुने शिखर सम्मेलनको विषय 'विश्वव्यापी विकास र सुरक्षाका लागि बहुपक्षीयतामा सुदृढीकरण' रहेको छ। यस सम्मेलनले विश्वका प्रमुख मुद्दाहरूमा छलफल गर्न महत्त्वपूर्ण मञ्च प्रदान गर्नेछ। यो सम्मेलन ब्रिक्स देशहरूले अघि बढाएका विभिन्न पहलहरूको प्रगतिमाथि समीक्षा गर्न र भविष्यमा सहयोगका सम्भावित क्षेत्रहरू पहिचान गर्ने अवसर पनि हुनेछ।

विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा भ्रमणका क्रममा प्रधानमन्त्री श्री मोदीले ब्रिक्स सदस्य राष्ट्रका आफ्ना समकक्षहरू र आमन्त्रित नेताहरूका साथ द्विपक्षीय बैठकहरू गर्ने अपेक्षा रहेको पनि उल्लेख गरिएको छ।

**बिहार र आसाममा उपचुनावका लागि अधिसूचना जारी, नामांकन प्रक्रिया सुरु**

बिहारमा चारवटा विधानसभा सीटका उपचुनावका लागि आज अधिसूचना जारी गरिएको छ। यस सूचनासँगै आजदेखि नामांकन प्रक्रिया पनि सुरु भएको छ। आगामी 13 नोभेम्बरमा राज्यका चारवटा विधानसभा क्षेत्रका लागि मतदान हुनेछ। उम्मेदवारी दर्ता 25 अक्टोबरसम्म गराउन सकिनेछ भने 30 अक्टोबरमा उम्मेदवारीको छानबिन हुनेछ। यी सीटहरूमा श्री जितनराम मांझी, श्री  सुरेन्द्रप्रसाद यादव, श्री  सुधाकर सिंह, र श्री सुदामा प्रसाद तल्लो सदन लोकसभामा सांसद निर्वाचित भएकाले खाली भएका हुन्, जसका लागि उपनिर्वाचन हुन लागेको हो। मतगणना 23 नोभेम्बरमा हुनेछ। त्यस्तै प्रकारले, आसामका पाँचवटा विधानसभा सीटहरूमा हुने उपचुनाव पूर्व-सीमांकित निर्वाचन क्षेत्र अनुसार हुने बताइएको छ। मुख्य निर्वाचन अधिकृत श्री अनुराग गोयलले सूचना जारी भएसँगै आजदेखि उम्मेदवारी दर्ता प्रक्रिया सुरु भएको जानकारी दिनुभयो। उहाँले मतदाताहरूलाई EPIC कार्डको बारेमा चिन्तामुक्त रहन आग्रह गर्दै मतदानको दिन पुरानो र नयाँ दुवै कार्ड प्रयोग गर्न अनुमति दिइने जानकारी दिनुभयो। श्री गोयलले उपचुनावमा 9 लाखभन्दा बढी मतदाता सहभागी हुने सम्भावना रहेको पनि बताउनुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**दिल्लीको राउज एभिन्यू अदालतले आम आदमी पार्टीका नेता श्री सत्येन्द्र जैनलाई मनी लान्ड्रिंग मुद्दामा दुई वर्षपछि जमानत दियो**

दिल्लीको राउज एभिन्यू अदालतले आज आम आदमी पार्टीका नेता र दिल्लीका पूर्व क्याबिनेट मन्त्री श्री सत्येन्द्र जैनलाई दुई वर्षपछि मनी लान्ड्रिंग मुद्दामा जमानत दिएको छ। प्रवर्तन निर्देशनालयले 2022 को मेइ 30 मा श्री जैनलाई पक्राउ गरेको थियो। उहाँसँग जोडिएका चार कम्पनीमा धन शोधन गरेको आरोप लागेको थियो। हालमा उहाँ न्यायिक हिरासतमा हुनुहुन्छ।

**हरियाणाका नव निर्वाचित मुख्यमन्त्री नायब सिंह सैनीले सम्हाल्नुभयो कार्यभार**

हरियाणाका नव निर्वाचित मुख्यमन्त्री श्री नायब सिंह सैनी र उहाँको मन्त्रीमण्डलका सहयोगीहरूले आज आफ्नो कार्यभार सम्हालेका छन्। मुख्यमन्त्री श्री नायब सिंहले छिट्टै मन्त्रीहरूलाई विभाग आवण्टित गरिने जानकारी दिनुभयो। त्यसपछि, विभागहरूको आधारमा कामको योजना तयार गरिने बताइएको छ। मुख्यमन्त्रीले आफू सधैं राज्यको सेवाका लागि तत्पर रहने प्रतिवद्धता पनि व्यक्त गर्नुभएको छ।

**सरकारले मेधावी विद्यार्थीहरूका लागि नेशनल मीन्स कम म्यारिट छात्रवृत्ति पोर्टलको म्याद 31 तारिखसम्म बढायो**

सरकारले आर्थिक रूपमा कमजोर मेधावी विद्यार्थीहरूका लागि राष्ट्रिय छात्रवृत्ति पोर्टलको म्याद 2024-25 को लागि यस महिना 31 तारिखसम्म बढाएको छ। नेशनल मीन्स कम म्यारिट छात्रवृत्ति योजनाअन्तर्गत विद्यार्थीहरूले विद्यालय छोड्न नपरोस् भनेर छात्रवृत्ति प्रदान गरिन्छ। यसले विद्यार्थीहरूलाई 12 कक्षासम्मको शिक्षा पूरा गर्न सहयोग गर्छ। राष्ट्रिय छात्रवृत्ति पोर्टलमा आवेदन यस वर्ष 30 जूनदेखि खुला गरिएको थियो। यस योजनाअन्तर्गत प्रत्येक वर्ष 9 कक्षाका 1 लाख विद्यार्थीलाई छात्रवृत्ति दिइन्छ। यस छात्रवृत्ति पाउनका लागि राज्य र केन्द्र शासित प्रदेशका सरकारहरूद्वारा सञ्चालित परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ। यो योजनाका लागि राज्य सरकार, सरकारी सहायता प्राप्त विद्यालयहरू र स्थानीय संस्थाहरूमा अध्ययन गर्ने विद्यार्थीहरू योग्य ठहरिन्छन्। यसमा प्रत्येक विद्यार्थीलाई वार्षिक 12 हजार रुपियाँ प्रदान गरिन्छ।

**चाडबाडलाई ध्यानमा राख्दै केन्द्र सरकारले प्याजको मूल्यमा राहत दिन नासिकबाट कांदा रेल दिल्ली पठायो**

चाडबाडलाई ध्यानमा राख्दै प्याजको मूल्यमा राहत दिन केन्द्र सरकारले महाराष्ट्रको नासिकबाट कांदा रेललाई पठाएको छ। यो रेल 1,600 मेट्रिक टन प्याज लिएर आइतबार दिल्ली पुग्नेछ। यस प्याजको बिक्री राष्ट्रिय राजधानी क्षेत्रका विभिन्न स्थानहरूमा गरिनेछ, जसले प्याजको मूल्यमा स्थिरता ल्याउनेछ। कांदा रेलमा प्याजलाई दिल्लीमा ल्याएपछि चार दिन भित्र यसलाई दिल्ली, गाजियाबाद, नोएडा र फरीदाबादका थोक बजारहरूमा वितरण गरिनेछ। यहाँबाट यस प्याजलाई मोबाइल भ्यानमार्फत खुद्रा मूल्यमा बिक्री गरिनेछ। उपभोक्ता मामिलासम्बन्धी सचिव श्रीमती निधि खरेले चाँडै नै यस्ता रेलहरू लखनऊ, वाराणसी र उत्तर-पूर्वी क्षेत्रहरूतर्फ पनि पठाइने जानकारी दिनुभयो। । श्रीमती खरेले टमाटरको मूल्यमा पनि कमी आउने संकेत दिनुभएको छ। नेशनल कोअपरेटिभ कन्ज्युमर्स फेडरेशन अफ इन्डिया लिमिटेडका प्रबन्ध निर्देशकले बताए अनुसार यो प्याज दिल्लीका जनताको 50 प्रतिशत आवश्यकतालाई पूरा गर्न सक्नेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्रीले एनडीए शासित राज्यहरूमा लगानीको लागि सुशासन र पारदर्शिता प्रमुख आकर्षण भएको बताउनुभयो**
- **प्रधानमन्त्री दुई दिवसीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन रूस जानुहुने**
- **बिहार र आसाममा उपचुनावका लागि अधिसूचना जारी, नामांकन प्रक्रिया सुरु**
- **दिल्लीको एक अदालतले आम आदमी पार्टीका नेता श्री सत्येन्द्र जैनलाई दुई वर्षपछि जमानत दियो**
- **सरकारले मेधावी विद्यार्थीहरूका लागि नेशनल मीन्स कम म्यारिट छात्रवृत्ति पोर्टलको म्याद 31 तारिखसम्म बढायो**

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पुरा भयो**